नेपाल सरकार

# परराष्ट्र मन्त्रालय

काठमाडौं, नेपाल

नेपाल सरकार परराष्ट्र मन्त्रालय काठमाडौं

## <u>यात्रा सम्बन्धी जानकारी (Travel Advisory)</u>

इजरायल र इरानबीचको द्वन्द्वका कारण पछिल्ला केही दिनमा विकसित घट्नाक्रम सर्वविदितै छ । यसलाई मध्यनजर गर्दै कतिपय मुलुकहरुले आफ्ना नागरिकलाई इजरायल र इरान छोड्न अनुरोध गरेका छन् भने कतिपयले त्यहाँ रहेका नागरिकहरुलाई सुरक्षित रहन, समूदायमा सम्पर्कमा रहन, सम्बन्धित मुलुकले जारी गरेका सुरक्षा सतर्कता सम्बन्धी सूचना, जानकारी तथा निर्देशनहरु पालना गर्न र तोकिएको समय र स्थान बाहेक घरबाट बाहिर ननिस्कन अपिल गरेका छन् । यसै गरी, कतिपय मुलुकहरुले हालको सुरक्षा अवस्थालाई मध्यनजर गरी अत्यावश्यक काम वाहेक इजरायल र इरानको भ्रमण नगर्न सूचना समेत जारी गरेका छन् ।

सुरक्षाका दृष्टिकोणले अधिकतम सतर्कता अपनाउनु पर्ने वर्तमान अवस्थालाई ध्यान दिई हाल इजरायल तथा इरानमा रहनुभएका र नेपालबाट इजरायल वा मध्यपूर्वका अन्य मुलुकको भ्रमण वा यात्रा गर्ने योजनामा रहनु भएका नेपाली नागरिकहरुलाई देहायबमोजिम गर्नुहुन अनुरोध गरिन्छ:

### क. <u>इजरायल र इरानमा रहनुभएका नेपाली नागरिकहरु:</u>

- आफ्नो सुरक्षालाई उच्च प्राथमिकतामा राखी तोकेको समय र स्थानमा बाहेक घर वा बंकर/सेल्टरबाट बाहिर ननिस्कनु हुन,
- इजरायल सरकारले जारी गरेका सुरक्षा सतर्कता, यात्रा, आवागमन तथा सुरक्षित स्थान सम्बन्धी सूचना, मापदण्ड तथा जानकारी निरन्तर रुपमा लिन र पालना गर्नु हुन,
- नेपाली समुदायसँग नियमित सम्पर्कमा रहनु हुन,
- नेपाली राजदूतावाससँग नियमित रुपमा सम्पर्कमा रहनु हुन र परराष्ट्र मन्त्रालय र राजदूतावासले जारी गरेका सूचना तथा यात्रा सम्बन्धी जानकारी (Travel Advisory) नियमित रुपमा हेर्नु हुन,
- संकट आइ परेमा उद्दार तथा सहायता र Tracking गर्न सहजताका लागि परराष्ट्र मन्त्रालय, कन्सुलर सेवा विभाग र नेपाली राजदूतावास, तेल अभिभको वेवसाइटमा राखिएको Online Link मा register गरी आफ्नो विवरण फाराम यथाशीघ्र भर्नु हुन ।

सिंहदरबार, काठमाण्डौ, फोन नं. ४२००१८२-८६, फ्याक्स नं. ४२००१६०/४२००१६१
Website: www.mofa.gov.np, Email: info@mofa.gov.np

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाडौं, नेपाल

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाडौं

**ख. <u>नेपालबाट इजरायल, इरान वा मध्यपूर्वका अन्य मुलुक भ्रमण वा वैदेशिक रोजगारीमा जान चाहनुहुने नेपाली नागरिकहरु:</u>**

- इजरायल र इरानको भ्रमण वा वैदेशिक रोजगारी वा अन्य प्रयोजनका लागि जाने तयारी गरिरहनुभएका नेपाली नागरिकहरुलाई हालको जटिल परिस्थिति कायम रहेसम्म त्यस्ता भ्रमण तथा यात्रा नगर्नु हुन,
- इजरायल र इरान बाहेक मध्यपूर्वका अन्य मुलुकको भ्रमण वा वैदेशिक रोजगारी वा अन्य प्रयोजनका लागि जाने तयारी गरिरहनुभएका नेपाली नागरिकहरुलाई हालको जटिल परिस्थिति कायम रहेसम्म त्यस्ता भ्रमण तथा यात्रालाई स्थगित गर्नु हुन।

इजरायल र इरानबीच विकसित घट्नाक्रमलाई नेपाल सरकारले नजिकबाट नियालिरहेको, त्यहाँ रहनुभएका नेपाली नागरिकहरु हालसम्म सुरक्षित रहनुभएको र निजहरुको हितको रक्षा गर्न आवश्यकता अनुसार उपयुक्त कदम चालिने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

स्वेच्छाले नेपाल फर्कन चाहने नेपाली नागरिकहरुका लागि हाल इजरायल र इरानको हवाइमार्ग बन्द रहेका कारण तेश्रो मुलुक हुँदै नेपाल फर्कनु परेमा तेश्रो मुलुकको Transit भिसा लिनु पर्ने अवस्था आउन सक्ने भएकोले यसका लागि सहजीकरण गर्न आवश्यक पहल गरिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिन्छ ।

**काठमाडौं ।**
**२०८२ आषाढ ०४ (तदनुसार जुन १८, २०२५)**